राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २८, अङ्क– २७, माघ २७ गते शुक्रबार, २०७९ (10 Feb., 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# नेपाली जनयुद्धको २८औं वार्षिकोत्सव

## कयौं उपलब्धि हासिल भए, मुख्य लक्ष्य-उद्देश्य पूरा हुनै बाँकी

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** तत्कालीन नेपालको क्रान्तिकारी एवम् आमूल परिवर्तनकारी शक्ति, नेकपा (माओवादी) को आह्वान र नेतृत्वमा नेपाली जनताले इतिहासकै सर्वाधिक महानतम् कदम अघि बढाएको र पहल गरेको २७ वर्ष पूरा भएको छ। आउँदो सोमबार अर्थात् १ फागुन, २०७९ महान् नेपाली जनयुद्धको २८औं वर्षारम्भ हुने दिन हो।

जनयुद्धको ऐतिहासिक पहल गर्दा नेपालमा मुख्य राजनीतिक, सैनिक एवम् प्रशासनिक मामिलाहरूमा सामन्ती राजाका 'विशेषाधिकार' रहेको राजतन्त्रात्मक संसदीय व्यवस्था र त्यसलाई संस्थागत गर्ने 'नेपाल अधिराज्यको संविधान, २०४७' विद्यमान थिए। त्यसबेला राजाको छत्रछायाँमा र राजतन्त्रकै सहयोगीका रूपमा क्रियाशील रहेर जनतामाथि शासन गरिरहेका काङ्ग्रेस, एमाले र राप्रपाहरू उक्त संविधानमा 'कमा' र 'पूर्णविराम' समेत फेरबदल गर्न पाइँदैन र गर्नुपर्ने जरुरत छैन भनिरहेका थिए। नेपालको सामन्तवादी राज्यसंरचना, सामन्तवादी सामाजिक-सांस्कृतिक-आर्थिक सम्बन्ध र राष्ट्रघाती-जनद्रोही शासन व्यवस्थालाई समुल नष्ट गरेर नयाँ जनवादी गणतन्त्रात्मक राज्य प्रणाली स्थापना गर्ने सुस्पष्ट नीति, योजना, कार्यक्रम र दृष्टिकोणका साथ महान् जनयुद्धको सुरुआत भएको थियो। छापामार युद्धमा आधारित जनसैन्य अभियानमार्फत क्रमशः गाउँबाट सहर घेर्दै र स्थानीय जनसत्ता (आधारइलाका) स्थापना गर्दै अन्ततः क्रान्तिकारी शक्ति र परिवर्तनकामी जनताको संयुक्त बलमै केन्द्रीय सत्ता कब्जा गरेर जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने र क्रमशः समाजवादी राज्य व्यवस्थाको सूत्रपात गर्दै विश्व साम्यवादतर्फ अगाडि बढ्नु जनयुद्धको मुख्य, घोषित र निर्धारित लक्ष्य थियो।

सोही लक्ष्य हासिल गर्ने हिसाबले १ फागुन, २०५२

क्रमशः अन्तिम पृष्ठमा

# 'रविको धम्कीले सञ्चार प्रतिष्ठान र सञ्चारकर्मी असुरक्षित' : महासंघ



**काठमाडौं ।** नेपाल पत्रकार महासंघले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले दिएको अभिव्यक्तिको निन्दा गरेको छ। महासंघले लामिछानेलाई आफ्नो अभिव्यक्ति फिर्ता लिन आग्रह समेत गरेको छ। नेपाली सञ्चार क्षेत्रप्रति आधारहीन र पूर्वाग्रही आरोप लगाउँदै धम्कीपूर्ण अभिव्यक्ति दिनु प्रेस तथा

क्रमशः अन्तिम पृष्ठमा

# पुष्पलालबारे मेरा अनुभूति

**समय-सन्देश**
**विजयलाल श्रेष्ठ**

**नेपाली कम्युनिस्ट आन्दोलन र पुष्पलालका आरोह-अवरोह**

१६ माघ, १९९७ (वि.सं.) मा राणाहरूले दाजु गङ्गालालको हत्या गरेसँगै पुष्पलालले 'राणातन्त्र र शाहतन्त्रको समुल नष्ट गरी प्रगतिशील लोकतान्त्रिक नेपाल स्थापना गर्ने' प्रतिबद्धता जाहेर गर्नुभयो । र, सोही प्रतिबद्धता पूरा गर्ने दिशातर्फ नै निरन्तर अघि बढिरह्यो उहाँको राजनीतिक जीवन । जेठा दाजु गङ्गालालको सहादत हुनुभन्दा अघिल्लो दिन उहाँलाई भेट्न भद्रगोल जेल जानुभएको रहेछ माइला दाजु पुष्पलाल । त्यस भेटमा गङ्गालालले भन्नुभएछ– "माइला ! मैले प्रजातन्त्रका लागि बालेको दियोलाई तिमीले निरन्तर प्रज्वलित गरिरहने छौ, त्यसलाई कदापि निभ्न दिने छैनौ ।" जेठा दाइको त्यस भनाइले माइला दाजुलाई राम्रैसँग प्रभावित पारेछ । पुष्पलालको राजनीतिक यात्रा गङ्गालालको त्यसै भनाइअनुसार नै अघि बढेको देखिन्छ ।

राजनीतिक यात्रा अघि बढाउने सुरूआती कदमका रूपमा वि.सं. १९९८ मा पुष्पलाल 'प्रजातान्त्रिक महासभा' को संस्थापक बन्नुभयो । शान्ति निकुञ्ज विद्यालयमा गठन गरिएको सो महासभामा सूर्यबहादुर भारद्वाज, नरबहादुर कर्माचार्य, प्रेमबहादुर कङ्शाकार, बटुककृष्ण शर्मा, भगवती वादी, धर्मरत्न यमीलगायतका व्यक्तित्वहरु आबद्ध थिए । त्यसपछि वि.सं. २००३ मा उहाँ नेपाली राष्ट्रिय काङ्ग्रेसको संस्थापक सदस्य र केन्द्रीय कार्यालय सचिव बन्नुभयो । केही समयपछि विश्वेश्वरप्रसाद कोइराला जेल परे र एक वर्षपछि छुटे । बीपी जेलबाट छुटेपछि उनी र डा. डिल्लीरमण रेग्मीबीच झगडा चर्कियो । उनीहरूलाई मिलाउन पुष्पलाल तेह्र दिनसम्म अनसन बस्नुभयो । तैपनि बीपी–डिल्लीरमणबीच मेलमिलाप सम्भव नदेखिएपछि पुष्पलाल अनसन तोडेर भौंतारिँदै कलकत्ता पुग्नुभयो ।

कलकत्तामा पुष्पलालले भारतीय कम्युनिस्ट पार्टीका नेता एवम् सांसदद्वय रत्नलाल ब्राह्मण र नृपेन्द्र चक्रवर्तीलाई भेट्नुभयो । उनीहरूले पुष्पलाललाई मार्क्सवादको बाटो अवलम्बन गर्दै कम्युनिस्ट पार्टी स्थापना गरेर मात्र राष्ट्र र जनताको

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- २८, अङ्क- २७, माघ २७ गते शुक्रबार, २०७९

## सम्पादकीय

# महान् जनयुद्धको २८औं वार्षिकोत्सव

१ फागुन, २०७९ मा महान् नेपाली जनयुद्धको २८औं वार्षिकोत्सव मनाइँदै छ। १ फागुन, २०५२ मा सुरु भई दस वर्षसम्म चलेको जनयुद्ध हाँक्ने तत्कालीन नेकपा (माओवादी) विभाजित भएर यतिबेला आधा दर्जनजति घटकमा विभक्त छन्। ती सबैले आ-आफ्नै ढङ्गबाट फरक-फरक किसिमले र अलग-अलग कार्यक्रमका साथ जनयुद्ध दिवस मनाउने तयारी गरेका छन्।

भनिरहनै पर्दैन, नेपाली जनयुद्ध कम्युनिस्ट-क्रान्तिकारीहरू, प्रगतिशील एवम् अग्रगामी शक्तिहरू तथा मुक्तिकामी जनताहरूका लागि महानतम् पहलकदमी र सत्कार्य थियो। तर, जनताका दुस्मनहरू, प्रतिक्रियावादीहरू र संशोधनवादी एवम् देशद्रोही-जनघाती तत्त्वहरूका निम्ति अनिष्टकारी, अहितकारी र विष्मयकारी 'दुष्कर्म' थियो। सारतः र मूलतः महान् नेपाली जनयुद्ध नेपाली समाज, संस्कृति, पद्धति र राजनीतिको आमूल परिवर्तनकारी महान् परिघटना थियो।

जनयुद्ध हाँकेको पार्टी यतिबेला सग्लै, सिङ्गै र आफ्नो लक्ष्य-उद्देश्यप्रति उत्तिकै प्रतिबद्ध थियो भने नेपाल राष्ट्र र नेपाली जनता अर्कै स्थान र स्थितिमा हुने निश्चित थियो। यसबीच माओवादी पार्टीले भोगेको विभाजन, विशृङ्खलता र अनेकौं किसिमका विचलनको परिणामस्वरूप जनताका बैरीहरू फेरि पनि हौसिएका छन्; परिवर्तनकारी आम जनता विष्मयपूर्वक दुःखित, अपमानित र अपहेलित हुन पुगेका छन्।

# पुष्पलालबारे मेरा...

मुक्ति सम्भव हुने सुझाव दिए । त्यसपछि उहाँले मार्क्सवादको गहिरो अध्ययन गर्नुभयो र मार्क्स-एङ्गेल्सद्वारा लिखित 'कम्युनिस्ट घोषणापत्र' लाई नेपालीमा अनुवाद गर्नुभयो । यो अनुवाद नेपाली इतिहासकै पहिलो मार्क्सवादी साहित्य बन्यो; यसैमार्फत पुष्पलाल नै नेपालको पहिलो मार्क्सवादी लेखक बन्न पुग्नुभयो ।

उहाँकै अगुवाईमा १० वैशाख, २००६ (२२ अप्रिल, १९४९) मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । पुष्पलालले नै नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा लेख्नुभयो । पहिलो पटक गठन भएको नेकपाको पाँच सदस्यीय केन्द्रीय तदर्थ समितिमा पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी र मोतीदेवी श्रेष्ठ थिए । पुष्पलालले नै लेखेको 'नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र' ३० भदौ, २००६ (१५ सेप्टेम्बर १९४९) मा जारी भयो ।

वि.सं. २००८ मा कलकत्तामा नेपाल कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनमा पुष्पलालद्वारा प्रस्तुत 'नयाँ जनवादी गणतन्त्र' को कार्यक्रम प्रस्तुत भई पारित भयो । यही सम्मेलनले पुष्पलाललाई 'नेपाल कम्युनिस्ट पार्टीको संस्थापक महामन्त्री' घोषणा गर्‍यो ।

वि.सं. २०१० मा नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न भयो । महाधिवेशनमा पुष्पलालको 'नयाँ जनवादी गणतन्त्र' को कार्यक्रम अस्वीकृत भई मनमोहन अधिकारीको राजनीतिक लाइन पारित भयो । मनमोहन अधिकारी महामन्त्री बने ।

दोस्रो राष्ट्रिय सम्मेलनअघि मनमोहनलाई कुष्ठरोग लागेकाले उपचारका निम्ति उनी चीन गए । त्यसबेला मनमोहनले पुष्पलाललाई 'कार्यवाहक महामन्त्री' बनाउन खोजे तर पुष्पलालले अस्वीकार गर्नुभयो । त्यस अवधिमा आफ्नो राजनीतिक लाइन पारित भएको नभएकाले लाइनविनाको नेतृत्व समाल्न पुष्पलालले अस्वीकार गर्नुभएको थियो । पुष्पलाल नमानिसकेपछि डा. केशरजङ्ग रायमाझीलाई कार्यवाहक महामन्त्री बनाएर महामन्त्री मनमोहन उपचारका निम्ति चीन गए ।

वि.सं. २०१२ मा नेकपाको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । यो सम्मेलनले फेरि पुष्पलालकै राजनीतिक लाइन पास गर्‍यो ।

वि.सं. २०१४ मा नेकपाको दोस्रो राष्ट्रिय महाधिवेशन भयो । महाधिवेशनले पुष्पलालद्वारा प्रस्तुत 'नयाँ जनवादी गणतन्त्र' कै लाइन पास गर्‍यो तर पुष्पलालको भन्दा फरक मत र विचार राख्नेहरूको बहुमत हुने गरी केन्द्रीय समिति गठन भयो । लाइन पुष्पलालको पारित भए तापनि केन्द्रीय समितिको बहुमत अर्कैतिर भएकाले दोस्रो महाधिवेशनबाट केशरजङ्ग रायमाझी नै महामन्त्री बने ।

वि.सं. २०१४ मा पुष्पलालद्वारा आह्वान गरिएको 'भद्र अवज्ञा' आन्दोलन सुरू भयो । नेपाली काङ्ग्रेस पनि संविधानसभा चुनावको माग गर्दै सो आन्दोलनमा सहभागी भयो । राजा महेन्द्रले संविधानसभाको निर्वाचन गराउन त मानेनन् तर उनी संसद्को चुनाव गराउन भने सहमत भए । सङ्कटकालीनलगायतका कतिपय महत्त्वपूर्ण अधिकार आफैंमा राखेर राजा महेन्द्रले संविधान जारी गरे । पुष्पलालले भने सङ्कटकालीन अधिकार राजामा नभई संसद्मा हुनुपर्ने माग गरे । संविधानसभाको माग त्यागेर काङ्ग्रेसले त्यही संविधान र चुनाव स्वीकार्‍यो । अन्ततः वि.सं. २०१५ मा नेपालमा पहिलो संसदीय चुनाव भयो ।

राजाकै 'निगाह' मा जारी भएको संविधानमा राखिएको सोही 'सङ्कटकालीन अधिकार' प्रयोग गरेर १ पुस, २०१७ मा राजाले जननिर्वाचित संसद् विघटन गरिदिए । सबै नेताहरूलाई गिरफ्तार गरे र राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए । राजा महेन्द्रका ती हर्कतहरूका विरूद्ध काङ्ग्रेस-कम्युनिस्टसहित सबै दल मिलेर संयुक्त आन्दोलन गर्नुपर्ने प्रस्ताव पुष्पलालले अघि सार्नुभयो । तर, डा. रायमाझीले भने राजाकै 'कदम' को 'स्वागत' र 'समर्थन' गरे । रायमाझीहरूको 'पतन' को प्रतिवाद गर्दै पुष्पलाल, तुलसीलाल अमात्यलगायतले नेपाल कम्युनिस्ट पार्टीको 'अन्तरजोनल सामन्जस्य समिति' गठन गरे । यो पक्षले 'शाही कदम' को समर्थन गर्ने केशरजङ्गलगायतलाई पार्टीबाट निष्काशन गरी वि.सं. २०१८ मा वनारसमा तेस्रो महाधिवेशन गर्‍यो । नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशनबाट तुलसीलाल अमात्य महामन्त्रीमा चुनिए ।

तेस्रो महाधिवेशनपछि पनि नेपाल कम्युनिस्ट पार्टीले खासै गति लिन सकेन । राजाको 'कदम' का विरूद्ध सङ्गठन विस्तार र सङ्घर्ष सङ्गठित गर्नुपर्नेमा महामन्त्री तुलसीलाल र उनी नेतृत्वको केन्द्रीय समिति पनि निष्कृयजस्तै देखिए ।

त्यसपछि पुष्पलाल, हिक्मतसिंह भण्डारी, बलराम उपाध्याय, एकदेव आले, प्रेमप्रकाश नेपाल र देवेन्द्र अमात्य गरी छ जनाको पहलमा २०२५ मा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन गरियो । त्यो सम्मेलन यस अर्थमा ऐतिहासिक रह्यो कि यसले नेपालमै पहिलो पटक 'मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा' लाई पार्टीको मार्गनिर्देशक सिद्धान्तका रूपमा अङ्गीकार गर्‍यो । सोही सम्मेलनले नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्ने लाइन पारित गरेर फेरि पनि पुष्पलाललाई नै महामन्त्री चयन गर्‍यो ।

पुष्पलालकै नेतृत्वमा २०२९ मा नेकपाको चौथो राष्ट्रिय सम्मेलन भयो । यो सम्मेलनले नेपाली कम्युनिस्ट आन्दोलनलाई 'प्रजातान्त्रिक-लोकतान्त्रिक आन्दोलनको अभिन्न अङ्ग' का रूपमा अघि बढाउने निर्णय लियो । यही सम्मेलनले सङ्घर्षका वैधानिक-अवैधानिक दुवै स्वरूपलाई सँगसँगै अघि बढाउने र विशाल सहरिया एवम् ग्रामीण संयुक्त जनआन्दोलनद्वारा राजाको निरङ्कुशतालाई पराजित गरी लोकतान्त्रिक प्रगतिशील नेपाल निर्माण गर्ने कार्यनीति पास गर्‍यो । नेकपाको यही कार्यनीतिअनुरूप २०२८/२९ का विशाल किसान र विद्यार्थी आन्दोलन तथा लुम्बिनी, गण्डकी, सगरमाथा, भेरी, राप्ती, कोसी र मेचीमा विशाल किसान आन्दोलन भए । चौथो

**तेस्रो महाधिवेशनपछि पनि नेपाल कम्युनिस्ट पार्टीले खासै गति लिन सकेन । राजाको 'कदम' का विरुद्ध सङ्गठन विस्तार र सङ्घर्ष सङ्गठित गर्नुपर्नेमा महामन्त्री तुलसीलाल र उनी नेतृत्वको केन्द्रीय समिति पनि निष्कृयजस्तै देखिए ।**

राष्ट्रिय सम्मेलनको यही कार्यनीतिअनुसार नै २०३१/३२ को संयुक्त विद्यार्थी आन्दोलन भयो र पञ्चायती निरङ्कुशतालाई धराशायी पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो ।

**अल्पायुमै दुःखद् निधन**

पार्टी प्रशिक्षणका लागि २०३५ असार पहिलो साता दरभङ्गा पुगेका बेला पुष्पलाललाई हृदयाघात भयो । त्यहाँका मे.डा. विश्वनाथ सिंहले उनलाई दरभङ्गा मेडिकल कलेजमा भर्ना गरे । भाउजू सहाना प्रधान पनि त्यहीं हुनुहुन्थ्यो ।

पुष्पलाल गम्भीर बिरामी परेको थाहा पाएपछि नेपालको जेलबाट भर्खरै छुटेका गणेशमान सिंह पनि दरभङ्गा पुगे । फारवेसगञ्जमा रहेका गिरिजाप्रसाद कोइराला पनि त्यहीं आइपुगे । बलराम उपाध्याय पनि वनारसबाट दरभङ्गा पुगे । पुष्पलालको उपचार त्यहाँ सम्भव नहुने देखिएपछि ती सबै नेताहरु मिली रेलको डिब्बा रिजर्भ गरेर उहाँलाई दिल्ली लगी गोविन्दबल्लभ पन्त अस्पतालमा भर्ना गरियो ।

तत्कालीन भारतीय प्रधानमन्त्री मोरारजी देशाई, सत्तारूढ जनता पार्टीका अध्यक्ष चन्द्रशेखर र भारतीय रक्षामन्त्री जर्ज फर्नाण्डिज समेतले पुष्पलालको उपचारमा ध्यान दिए । उहाँलाई सुविधासम्पन्न क्याबिनमा राखेर उपचार गराउन प्रयास गरियो । तर, पुष्पलाल स्वयम्ले भने क्याबिनमा बसेर उपचार गराउन मान्नुभएन; साधारण बेडमै बस्नुभयो । उक्त अस्पतालको मेडिकल बोर्डले स्रोत-साधनसम्पन्न युरोपको कुनै अस्पताल लगिए मात्र पुष्पलालको उपचार सम्भव हुने, अन्यथा उहाँको उपचार सम्भव नदेखिएको राय दियो । भारतका तत्कालीन सत्तारूढ जनता पार्टीका अध्यक्ष चन्द्रशेखर र रक्षामन्त्री फर्नाण्डिजले भारत सरकारकै आर्थिक सहयोगमा युरोप लगेर उपचार गराइदिने प्रस्ताव राखे । तर, त्यता गएर आफ्नो उपचार गराउन उहाँले मान्नुभएन । पुष्पलालले भन्नुभयो- "नेपाली जनताले सके मलाई बचाउलान्, सकेनछन् भने पनि तपाईंहरूको खर्चमा युरोप जान्नँ र उपचार पनि गराउँदिनँ ।"

अन्ततः ७ साउन, २०३५ मा सोही अस्पतालमा पुष्पलालको निधन भयो । भारतीय प्रधानमन्त्री देशाईले पुष्पलालको शव नेपाल पठाउन अनुरोध गरे तापनि राजा वीरेन्द्रले स्वीकृति दिएनन् । त्यसपछि यमुना नदीको निगमबोध घाटमा (भारतमै) पुष्पलालको अन्त्येष्टि गरियो । उहाँको दाहसंस्कारका बेला भारतीय नेताहरु चन्द्रशेखर, मधु लियम, जर्ज फर्नाण्डिज, सी. राजेश्वर राव, हरिकिसन सिंह सूरजित, गोविन्द मुखोटी, एम.जे. अकबर, सी. सुब्रमण्यम् स्वामी तथा नेपाली नेताहरु गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, बलराम उपाध्याय, हिक्मतसिंह भण्डारी, निर्मल लामा, सहाना प्रधानलगायत उपस्थित थिए । यसरी नेपालका एक देशभक्त, प्रजातान्त्रिक एवम् प्रगतिशील योद्धालाई अल्पायुमै गुमाइयो ।

**क्रमशः पूरा हुँदै पुष्पलालका सपना**

पुष्पलालद्वारा नै प्रस्तावित संयुक्त राष्ट्रिय जनआन्दोलनको कार्यनीतिअनुसार नेपालका सबै कम्युनिस्ट घटकहरु र नेपाली काङ्ग्रेस समेत सहभागी भएर २०४६ मा पञ्चायती व्यवस्था र राजाको निरङ्कुशता ढालियो; राजा 'संवैधानिक' बन्न बाध्य भए । पुष्पलालद्वारा स्थापित सोही कार्यनीतिको विकसित एवम् परिमार्जित स्वरूपको संयुक्त जनआन्दोलनद्वारा नै २०६२/६३ मा सामन्तवादको प्रतीक राजतन्त्र पनि ढल्यो ।

त्यसपछि, पुष्पलालले उहिल्यै प्रयास गरेको संविधानसभाको चुनाव समेत सम्पन्न भयो । र, अन्ततः सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको स्थापना भयो । यद्यपि पुष्पलालको सपनाअनुरूप आमूल राजनीतिक क्रान्ति, सामाजिक रूपान्तरण, समतामूलक समाजको निर्माण र रोजगारमूलक अवस्थाको सिर्जना हुन भने अझै पनि बाँकी नै छ । नयाँ जनवादी गणतन्त्रले पूर्णता प्राप्त गरी समाजवादमा अघि बढ्ने काम अझै बाँकी छ ।

(पुष्पलालका कान्छा भाइ विजयलालसँग कुराकानीका आधारमा)

# नियत, नीति र नेतृत्वको क्रान्तिकारीकरण

दोस्रो संविधानसभाको निर्वाचन, २०७० को नतिजा बाहिरिएपछि निर्वाचनमा सहभागी प्रमुख पार्टीहरूमा त्यसले पारेको प्रभावलाई एकजना व्यङ्ग्यकारले 'कान्तिपुर' दैनिकमार्फत अत्यन्त प्रभावशाली तरिकाले चित्रमा दर्शाएका थिए । ती व्यङ्ग्यचित्रहरूमा अस्पतालका दुईवटा शैय्यामा दुईजना नेताहरू अचेत भएर लडेका देखिन्छन् । तीमध्ये एउटा शैय्याको तल 'अप्रत्याशित हारका कारणले' र अर्को शैय्यामुनि 'अप्रत्याशित जितका कारणले' भनेर उल्लेख गरिएको छ । ती व्यङ्ग्यचित्रहरूले निर्वाचनको दङ्गलमा सामेल 'महारथी' हरूको चुनावी परिणामपछिको मनोदशालाई असाध्यै प्रभावकारी ढङ्गले प्रस्ट्याएका छन् । अब भने अचेत भएकाहरू बौरिएका छन् । एकतिर अप्रत्याशित हारको दोष थोपर्ने टाउकाको खोजी हुँदैछ भने अर्कातिर विजयी शिविरका कर्ताधर्ताहरू प्रशन्नताको उन्मत्त हाँसोलाई दबाएर पराजित शिविरका 'महारथी' हरूलाई सम्झाउने-बुझाउने प्रयासमा लागेका छन्- 'निर्वाचन हो, हार-जित भइरहन्छ; हामी पनि त हारेका थियौं; धैर्य गर्नोस्, एकदिन तपाईंहरूले पनि जित्नु हुनेछ... ।' यस्ता संसदीय अनुभवसिद्ध 'उपदेश' द्वारा पराजितहरूको मन बुझाउने चेष्टामा 'उदार' प्रजातन्त्रवादीहरू अहोरात्र लागेका छन् । संसदीय मार्गलाई एकमात्र 'महामार्ग' देख्न थालेका 'क्रान्तिकारी' नेताहरूको मन सम्भवतः यी पङ्क्तिहरू पाठकसमक्ष पुग्नुअघि नै ठेगानमा आइसक्नेछन्; अनि सुरू हुनेछ- 'प्राप्त उपलब्धिहरूको रक्षा गर्दै अगाडि बढ्ने' चरण ।

हिंसात्मक सङ्घर्षको सट्टा शान्तिपूर्ण सङ्घर्षको बाटो हिँड्ने अठोट गर्दाताका तत्कालीन नेकपा (माओवादी) सँग 'क्रान्तिकारी भूमिसुधार, सुरक्षा क्षेत्रको पुनर्संयोजन र सामाजिक पक्षहरूसहितको प्रजातन्त्र' जस्ता उत्पीडित सामाजिक वर्गको हितसाधन गर्ने अमोघ अस्त्रहरू थिए । नेकपा (माओवादी) शान्तिपूर्ण राजनीतिमा आएको थियो तर निशस्त्र भने थिएन । विभिन्न शिविरहरूमा कवाज खेलिरहेका बीसौं हजार जनमुक्ति सेनालाई क्रान्तिकारी उद्देश्यपूर्तिको जगेडा शक्तिका रूपमा बुझिन्थ्यो ।

देशमा व्याप्त भ्रष्टाचार, महँगी र बेरोजगारी जस्ता महारोगको निदान र उपचार पनि माओवादीबाटै हुने आशा जनताको एउटा उल्लेख्य तप्काले साँचेको थियो । ०६४ को निर्वाचनसम्ममा आइपुग्दा समग्र पार्टीका नाममा एक-दुई नेताहरूले निर्माण गर्ने 'नीति' र कतिपय नेताहरूको पाखण्डी आचरणले गर्दा माओवादीसँग भएका शस्त्रहरूको समुचित उपयोग गर्ने विज्ञान र कलामाथिको माओवादी पकड निकै कमजोर भइसकेको थियो । त्यतिसम्म भइसके तापनि शस्त्रहरू भने माओवादी भण्डारमा नै थिए । त्यही बलमा जनताको एउटा उल्लेख्य हिस्सालाई परिचालित गरेर संसदीय निर्वाचनमा समेत माओवादी श्रेष्ठ सावित भयो । स्वाभाविकै हो कि यसले संसद्वादमा भासिँदै जानका निम्ति अझ अनुकूल स्थिति तयार पारिदियो । यस्ता जटिल घडीहरूमा नेतृत्वले भीडको पछाडि नलागिकन क्रान्तिकारी जहाजको मस्तुल बनेर पार्टीलाई संसदीय रहमा डुब्नबाट जोगाउनु पर्दछ । तर, विडम्बना ! माओवादी नेतृत्व परीक्षाको यो कठिन घडीमा कमजोर र निकम्मा सावित हुन गयो ।

**विचार-विश्लेषण**

**राम कार्की 'पार्थ'**



**चाटुकार टुकडीको सेकतापमा रमाउन थालेपछि हामीमध्ये धेरैको, अध्ययन र सङ्घर्षबाट उम्रिएका कम्युनिस्ट प्वाँखहरू धमाधम खस्न थाले अनि धेरै माओवादीहरू पुँजी र पुँजीवादका उपासकका रूपमा निम्नपुँजीवादी जीवनमै फर्किए । हाम्रा नेताहरूमा आएको यो परिवर्तनले सिङ्गो पार्टीलाई गाँज्दै लग्यो । यो सवै घटनाक्रमलाई नजिकैबाट नियालिरहेका नेपाली जनता बेइमानी, झुट, भ्रष्टाचार आदिका विरुद्ध लड्ने शक्तिको यति छोटो यस प्रकारको पतन देखेर विस्मित र दुःखी बन्दै जानु स्वाभाविक नै थियो ।**

संसदीय शासनसत्ताको एउटा भागमा माओवादी नेताहरूले अङ्श-ग्रहण गर्ने अवसर पाउनासाथ सत्ताको कुर्सीमा आइपुग्ने हरेक शासकहरूको तावेदारी गरेर तिनीहरूलाई मतिभ्रष्ट पार्दै आएको, आफ्ना स्वार्थको दुनो सोझ्याउन खप्पिस 'साइँदुवा' हरूले माओवादी नेतृत्वलाई लठ्याउन अत्यन्त छोटो अवधिमै सफलता पाए । त्यो चाटुकार टुकडीको सेकतापमा रमाउन थालेपछि हामीमध्ये धेरैको, अध्ययन र सङ्घर्षबाट उम्रिएका कम्युनिस्ट प्वाँखहरू धमाधम खस्न थाले अनि धेरै माओवादीहरू पुँजी र पुँजीवादका उपासकका रूपमा निम्नपुँजीवादी जीवनमै फर्किए । हाम्रा नेताहरूमा आएको यो परिवर्तनले सिङ्गो पार्टीलाई गाँज्दै लग्यो । यो सवै घटनाक्रमलाई नजिकैबाट नियालिरहेका नेपाली जनता बेइमानी, झुट, भ्रष्टाचार आदिका विरूद्ध लड्ने शक्तिको यति छोटो यस प्रकारको पतन देखेर विस्मित र दुःखी बन्दै जानु स्वाभाविक नै थियो । जनताको आलोचनात्मक चेतको अभिवृद्धिलाई आफ्नो सैद्धान्तिक उद्देश्य ठान्ने कम्युनिस्ट पार्टीको शिखर पङ्क्तिमा पुगेका अधिकाङ्श नेताहरूले नेपाली जनतालाई आफ्नो भाषण मात्र सुन्ने, कर्म र आचरणको निगरानी गर्न असमर्थ भीड ठान्न थाले । भ्रष्टाचार र त्यसैका कारण तीव्रताका साथ बढेको महँगी, बेरोजगारी आदिबाट आक्रान्त बन्दै गएको उत्पीडित सामाजिक वर्गको हिफाजत गर्ने दायित्वबाट माओवादी च्युत हुँदै गयो । पुँजीवादी प्रचारका खलाँतीबाट प्राप्त वायुले फुलेका माओवादीका कतिपय नेताहरू आफूलाई उत्पीडित सामाजिक वर्गको होइन, सिङ्गो नेपाल देशकै नेता भएको स्वाङ पार्न थाले । त्यसैको परिणाम हो कि बितेका बाह्र-पन्ध्र वर्षमा नेपाली जनताको जीवनमा सकस थप्दै लैजाने भ्रष्टाचार, महँगी, बेरोजगारी आदिका विषयमा माओवादी पार्टीले एउटा वक्तव्यसम्म पनि जारी गरेन; सङ्घर्षका कार्यक्रमहरू आयोजना गर्ने कुरा त परै जाओस् ।

राजनीतिक कार्यक्रम नै त्यस्तो प्रभावकारी साधन हो, जसको बलमा सामाजिक वर्गलाई राजनीतिक वर्ग वा शक्तिमा फेर्न सकिन्छ । त्यस्तो राजनीतिक कार्यक्रम आफ्नो सामाजिक वर्ग र सिद्धान्तप्रति निष्ठावान् राजनीतिक पार्टीले मात्र तय गर्न सक्दछ । यसरी आफ्नो वर्गप्रति इमानदार राजनीतिक पार्टीले आफूले निर्माण गर्ने ठूला-साना नीति, कार्यक्रम, योजना आदि तयार पार्दा सिङ्गो पार्टी पङ्क्तिलाई छलफलमा सहभागी गराउनु पर्दछ । यस प्रकारको सहभागिताले मात्र कार्यकर्ताको आत्मविश्वास र सिर्जनशीलतालाई बढाइदिन्छ । यसका विपरीत माओवादीमा भने दुई वा तीन नेताले कानेखुसी गरेर 'युग नै फेर्ने निर्णय' समेत गर्ने परिपाटीलाई 'जनवादी केन्द्रीयता' का रूपमा परिभाषित गरियो । अर्को सवभन्दा महत्त्वपूर्ण कुरा हो- निश्चित नेताहरूको 'विलक्षणता' मा निर्भर रहने प्रवृत्ति तथा विश्वास । विकृत चरित्र कार्यकर्तामा नहुर्किर्योस् भन्नाखातिर निरन्तर सैद्धान्तिक-वैचारिक सङ्घर्ष चलाउनु पर्दथ्यो तर त्यो पनि भएन । यी सच्चाइहरूको उपेक्षा नेपालको कम्युनिस्ट आन्दोलनमा अचाक्ली भएको पाइन्छ । माओवादीको हकमा यसका शीर्षस्थ नेताहरूले पार्टीको संस्थागत जीवन र प्रणालीको निर्ममतापूर्वक हत्या गरेका छन् । दुई वा यदाकदा तीनजना नेताहरूका निजी गुटहरू तयार

क्रमशः चौथो पृष्ठमा



# नियत, नीति र नेतृत्व...

पारेर कार्यकर्ताहरूलाई तिनै नेताहरूप्रति आश्रित रहने परजीवी प्यादामा फेर्ने संस्कार र संस्कृति नै यो पार्टीको मुख्य प्रवृत्ति बन्न गयो । वर्गविभाजित समाजमा, अझ भनौं सामन्ती र पुँजीवादी आर्थिक–सामाजिक सम्बन्ध कायम रहेको समाजमा उत्पीडक र उत्पीडित दुवै वर्गको एक हदसम्म अमानवीकरण भएको हुन्छ । उत्पीडितहरूले उत्पीडनविरूद्ध चलाउने सङ्घर्षका क्रममा उत्पीडितहरूको मानवीकरणको प्रक्रिया सुरु हुन्छ । त्यसले अन्ततः उत्पीडकलाई पनि मानव बन्न बाध्य पार्दै लैजान्छ । इतिहाससिद्ध सत्य यो हो कि उत्पीडकहरूको सत्तामार्फत् मानवीकरणको प्रक्रिया अगाडि बढाउन असम्भव हुन्छ । क्रान्तिकारी पङ्क्तिमा अर्को सत्ताधारीको सट्टा आफू सत्ताधारी बन्ने र समाजको कायाकल्प गर्ने सोच आउनु भनेको प्रतिक्रान्तिको सुरुआत हो; हाम्रो सन्दर्भमा यही हुनपुग्यो । पार्टीका दुई शीर्षस्थ नेताहरु यो अवधिमा प्रधानमन्त्री बने । उनीहरूका विश्वासी सहयोगीहरूले पटक–पटक मन्त्री बन्ने अवसर पाए । दुर्भाग्य, यी कम्युनिस्ट नेताहरूले सत्ता र शक्तिलाई केवल 'शासन गर्ने अधिकार' का रूपमा मात्र बुझे । यो सत्तावादी सोच अहिले निर्वाचनको पराजयबाट पनि झलझली देख्न सकिन्छ ।

काङ्ग्रेस र एमालेजस्ता संसद्वादी पार्टीहरूबाट मोहभङ्ग भएका नेपाली जनताले २०६४ मा अपरीक्षित माओवादीका पक्षमा विपुल मत दिएर जोखिम उठाएकै हुन् । २०६४ पछिका वर्षहरूमा माओवादीले निर्माण गरेका नीतिहरू र प्रदर्शन गरेका व्यवहारहरूबाट आजित जनताले माओवादीका विरुद्ध मतदान गरेर जनताले आफ्नो विवेक र चेतना कमजोर नरहेको प्रमाणित गरे । जनताको सकारात्मक मत प्राप्त गर्ने पार्टीका निम्ति नेपाली राजनीतिक आकाशमा अझै पनि रिक्त स्थान रहेकै छ; त्यसको पूर्ति संसद्वादमा भासिएका पार्टीहरूबाट हुन सक्दैन ।

संसद्लाई उपयोग गर्ने अवसर प्राप्त हुँदा क्रान्तिकारी कम्युनिस्टहरूले त्यो उपयोगमार्फत् प्राप्त हुने सत्ता र शक्तिलाई शासन गर्ने अर्थमा लिनु हुँदैन । त्यस्तो अवसरलाई क्रान्तिकारी कम्युनिस्टहरूले विचार, ज्ञान र सोच्ने तरिका फेर्ने अर्थमा बुझ्नु र लागू गर्नु पर्दछ । नेपालको सन्दर्भमा संसद्मा पुगेका कम्युनिस्टहरूले संसद्लाई सम्पूर्ण क्रान्तिकारी कार्यभार पूरा गर्ने बृहत् कार्यक्रमको एउटा अङ्शका रूपमा मात्र लिएनन्; उनीहरूले त सङ्घर्षका अन्य सबै बाटाहरु बन्द गरेर संसद्मा प्राप्त शक्तिलाई 'शासन गर्ने सौभाग्य' का रूपमा ग्रहण गरे; लेनिनका शब्दमा 'संसद्वादको भास' मा जाकिए ।

कम्युनिस्ट आन्दोलन अन्तर्राष्ट्रिय आन्दोलन हो र यसका रणनीतिहरूमा सार्वभौम पक्ष समेटिएको हुन्छ । उसको परिचय र पहिचान भनेको आर्थिक वर्ग र उत्पीडित वर्गको पक्षधरता हुन्छ । पहिचानको राजनीतिलाई आधार बनाएर कम्युनिस्ट राजनीतिलाई अगाडि बढाउन खोज्नु भनेको पशुपतिको साँढेका पछाडि लागेर विश्व भ्रमण गर्न खोज्नु जस्तै हो । नेपालकै सन्दर्भमा कुरा गर्दा, कम्युनिस्टहरूले कुन समुदाय कविला हो, कुन जातीय हो र कुन राष्ट्रियता वा राष्ट्र हो भन्ने निर्क्योल गर्न सक्नु पर्दछ र तदनुसार जातीय विभेद अन्त्य गर्ने नीतिहरु तर्जुमा गर्नु पर्दछ । मुख्य कुरा, जातीय, क्षेत्रीय, लिङ्गीय वा अन्य समस्याहरूलाई हेर्न, बुझ्न र समाधान गर्न मार्क्सवादी दृष्टिकोण अख्तियार गर्नु पर्दछ । वर्गविभेदका अखटाहरु तयार भइसकेका राष्ट्रियता वा राष्ट्रलाई वर्गविभाजन बिर्सिएर केवल उत्पीडित राष्ट्रियता मात्र बुझ्ने दृष्टिकोण मार्क्सवादी दृष्टिकोण हुन सक्दैन । संसद्वादी वा बुर्जुवा दृष्टिकोणले उत्पीडित राष्ट्रियताभित्रको विशाल उत्पीडित वर्गलाई उपेक्षा गर्दछ र सम्बन्धित जातिभित्र सरदार तयार पारी त्यसैलाई पोषेर उक्त जातिलाई ढाँट्ने काम गर्दछ । मार्क्सवादीहरूको दृष्टिमा उत्पीडित राष्ट्रियताभित्रको बहुसङ्ख्यक उत्पीडित वर्ग नै त्यो उत्पीडित राष्ट्रियता हो र त्यसभित्रको उत्पीडक अङ्शलाई बाहेक गरेर नै उत्पीडित राष्ट्रियताको मुक्तिको आन्दोलन अगाडि बढाउन सकिन्छ । माओवादी शीर्ष नेतृत्वमा रहेका (मोहन वैद्यले नेतृत्व गरेको समूह समेत) नेताहरूले अगाडि सारेको जातीय नीतिले वर्गलाई ठ्याम्मै बिर्सिएको छ । सर्वहारा वर्गको नेतृत्वमा उत्पीडित जातिहरूको ऐक्यबद्धता र मुक्ति आन्दोलन चलाउनुपर्ने कम्युनिस्ट सिद्धान्तबाट किनारा लागेर उत्पीडित जातिहरूलाई फुल्याउने राजनीति politics of appeasment लाई संसदीय मोर्चामा समेत केही पटकको निर्वाचनले पछारिदिएको छ ।

हाम्रोजस्तो समाजमा संसद्वादी दलहरूबीच सत्ता हेरफेरको खेल 'म्युजिकल चेयर' जसरी नै चलिरहन्छ । आज काङ्ग्रेस र एमालेको 'अर्ती' मानेर माओवादी 'भद्र' बन्दै गएमा शासनको कुर्सीमा पुग्ने सम्भावना निश्चय नै छ । तर, त्यस प्रकारको सत्तारोहणले कम्युनिस्टहरूको क्रान्तिकारी उद्देश्य र उत्पीडित सामाजिक वर्गको हितसाधन गर्ने कार्य पूरा गर्दैन । माओवादी नेतृत्वको अहिलेसम्मको कार्यशैली हेर्दा ऊ संसदीय खेलमा समेत अयोग्य सावित हुँदै आएको छ । बैठक नै बस्न नसक्ने भद्दा कमिटीहरु बनाएर र पार्टी ठूलो बनाउने नाममा केन्द्रीय समितिमा समेत कुडाकर्कट भरेर नेताहरूले सबै साना–ठूला निर्णय गर्ने र नीति निर्माण गर्ने अधिकारलाई एक–दुई नेताविशेषमा केन्द्रित गरे । त्यसैकारण नीति निर्माणबाट कटेका अनि सिर्जनशीलता र आत्मविश्वास गुमाउँदै गएका अरू नेता–कार्यकर्ताहरु आफूले चाहेजस्तो प्रतिक्रान्तिका विरूद्ध प्रतिरोध सङ्घर्ष चलाउन असमर्थ बने । यसैकारण धेरै नेता र कार्यकर्ताहरु यसरी विभाजित र तटस्थ बन्दै गए कि नेताहरूले चाहेजसरी पार्टीलाई निर्वाचन जिताउन समेत असमर्थ सावित भए ।

बुर्जुवा वर्गका पार्टीहरूमा समेत आफ्नै प्रकारका मूल्य–मान्यता, विषय र नैतिकता हुन्छन् अनि त्यसको पालना गर्नेहरूले नगर्नेहरूलाई उछिन्छन् भन्ने तथ्य माओवादीका कतिपय 'प्रभावशाली' नेताहरूले बिर्सिए । क्रान्तिकारी पार्टीलाई संसद्वादी पार्टीमा फेर्ने गोप्य मनसुवा बोकेका नेताहरूले जे पायो, त्यही गरेपछि संसद्वादी पार्टी बनिन्छ भन्ने भ्रान्ति पालेको देखियो । शान्तिकालमा अस्वाभाविक रूपमा बढेको माओवादीको आकार र वजनका कारण यो घुम्तीसम्म आइपुग्दा पार्टी नै विघटनको खतरा समेत टड्कारो रूपमा देखापर्न थालेको छ ।

हामी माओवादीका निम्ति अहिलेको आवश्यकता भनेको गम्भीर र निर्मम समीक्षा गरेर सच्चिने प्रयत्न गर्नु हो । यसको साटो कमजोरी र दोषहरु एक–अर्काको टाउकामा खन्याइदिने खुद्रा खेलमा लागिराख्ने हो भने यसको सङ्गठनात्मक हालत हिजो गिज्याउने गरिएको मोहनविक्रमको समूहले नै गिज्याउने अवस्थामा पुग्नेछ । नेताहरूको इमानदारितामा कार्यकर्ता र जनताले साँच्चिकै विश्वास गर्ने अवस्था सिर्जना गर्न नेताहरूले के त्यो लेनिनवादी स्पिरिट जीवन र व्यवहारमा देखाउलान् ? नेताहरूले आफ्नो जीवन र व्यवहारद्वारा नै यसको जवाफ दिनुपर्छ । त्यसपछि नीतिमा भएका गम्भीर भूलहरु दृष्टि–क्षितिजमा अगाडि आउनेछन्; अनि ती भूलहरु सच्याउन भने नेता र कार्यकर्ताको सिङ्गो पङ्क्तिले अदम्य साहसका साथ जुट्नु पर्नेछ ।

काङ्ग्रेस र एमालेजस्ता संसद्वादी पार्टीहरूबाट मोहभङ्ग भएका नेपाली जनताले २०६४ मा अपरीक्षित माओवादीका पक्षमा विपुल मत दिएर जोखिम उठाएकै हुन् । २०६४ पछिका वर्षहरूमा माओवादीले निर्माण गरेका नीतिहरु र प्रदर्शन गरेका व्यवहारहरूबाट आजित जनताले माओवादीका विरुद्ध मतदान गरेर जनताले आफ्नो विवेक र चेतना कमजोर नरहेको प्रमाणित गरे । जनताको सकारात्मक मत प्राप्त गर्ने पार्टीका निम्ति नेपाली राजनीतिक आकाशमा अझै पनि रिक्त स्थान रहेकै छ; त्यसको पूर्ति संसद्वादमा भासिएका पार्टीहरूबाट हुन सक्दैन । नेपालको समग्र राजनीतिक स्थितिले पनि यही माग गर्दछ ।

अर्को महत्त्वपूर्ण कुरा, संसद्को विकल्प 'जङ्गल' वा छामामार युद्ध मात्र होइन । संसद्मा कहिल्यै नरहेको आम जनताको एउटा जत्थाले जङ्गल नपसिकन र हतियार नसमाइकन नै दिल्लीमा ल्याएको हलचल यसको बलियो सबुत हो । कतिपयले त्यसलाई 'अस्थायी फोका' भन्ने गरेका छन् । तर, क्रान्तिकारी सिद्धान्त र व्यवहारले लैस पार्टीले उत्पीडित सामाजिक वर्गको पक्षमा संसद्भित्र र बाहिर सङ्घर्षहरु सुरु गरेर त्यसलाई उचित तवरले संयोजित गर्ने इमानदार प्रयास गरेमा फोका होइन, परिवर्तनको नदी बग्नेछ । नेपाल अगाडि बढ्नेछ; जनताले चाहेको दिशामा नै अगाडि बढ्नेछ ।

# वन्यजन्तु हेर्न जिप सफारी

**भरतपुर ।** चितवनको भीमवली सामुदायिक वनले पर्यटकका लागि जिप सफारी सुरु गरेको छ । कालिका नगरपालिका–५ पदमपुरस्थित वनमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि जिप सफारी सेवा सुरु गरिएको हो ।

भीमवली पार्कदेखि सुरु हुने सफारी गुन्द्रेमान्द्रे चौर हुँदै डेढदेखि दुई घन्टाको यात्रापछि पुनः भीमवलीसम्म सञ्चालन हुनेछ । नगरपालिकाका जनप्रतिनिधिसहित स्थानीय सरोकारवालालाई जिप सफारी गराएर औपचारिकरूपमा सफारी सेवा सुरु गरिएको सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष जयचन्द्रप्रसाद चौधरीले जानकारी दिनुभयो ।

उहाँले जिप सफारीका क्रममा गैँडा, चित्तल, जरायो, मयुरलगायतका जीवजन्तु अवलोकन गर्न पाइने बताउनुभयो । पदमपुर पर्यटनको सम्भावना भएको क्षेत्र हो । नगर प्रमुख विनोद रेग्मीले भीमवली वन क्षेत्र नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास हुने बताउनुभयो । उहाँले नगरपालिकाले पनि यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । नगर उपप्रमुख विमला लामाले स्थानीयस्तरमा पर्यटकीय क्षेत्रको सम्भावना खोजी हुनु सकारात्मक भएको भन्दै यसलाई दिगो बनाउन सबैले सहयोग गर्नुपर्ने बताउनुभयो । भरतपुरबाट नजिकै रहेकाले पनि यहाँ आन्तरिक पर्यटकको सङ्ख्या बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

यहाँ आन्तरिक पर्यटक आकर्षित गर्न घरबास (होमस्टे) पनि सञ्चालनमा ल्याइएको भीमवली सामुदायिक होमस्टेका अध्यक्ष लोकराज चौधरीले जानकारी दिनुभयो । पहिलो चरणमा सात घरबास सञ्चालनमा ल्याइएको छ । पाहुनाको आगमन बढेसँगै घरबासको सङ्ख्या पनि बढाइने उहाँको भनाइ छ ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लु एफ)को सहयोगमा घरबास निर्माण गरिएको हो । घरबास सञ्चालनका लागि आवश्यक तालिम दिइएको छ । भीमवली सामुदायिक होमस्टे नगरपालिकाकै पहिलो हो । घरबासमा आउने पाहुनालाई थारुको परम्परागत खानासँगै थारु समुदायको कलासंस्कृतिले मनोरञ्जन प्रदान गरिने अध्यक्ष चौधरीले बताउनुभयो ।

# माटोको उर्वरा शक्तिमा ह्रास

**घोराही ।** दाङमा रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्तिमा ह्रास ल्याएको छ । माटो परीक्षणबिना खेती गर्ने र जथाभावीरूपमा रासायनिक मल प्रयोगले माटोको उर्वरा शक्तिमा ह्रास हुँदै गएको कृषिविज्ञ बताउँछन् ।

मलको जथाभावी प्रयोगले नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा माटोमा कम हुँदैगएको र उत्पादनमा ह्रास ल्याउने काम गरिरहेको कृषि ज्ञान केन्द्र घोराहीका कृषि अधिकृत देवा महरा बताउनुहुन्छ । कृषि उत्पादन बढाउने उद्देश्यले किसानले युरिया, डिएपीलगायतका रासायनिक मल अत्यधिक प्रयोग गर्ने र यसले बर्सेनि माटोको उर्वरा शक्तिमा कमी ल्याउने काम गरिरहेको उहाँको भनाइ छ ।

किसानले धान, मकै, तोरी, मसुरो, गहुँलगायतका बालीको उत्पादन बढाउनका लागि युरिया, डिएपीलगायत मलसँगै किटनाशक औषधि बढी प्रयोग गर्ने गरेका छन् । किसानले प्राङ्गारिक मलका रूपमा गाईवस्तुको गोबरसँगै केही उद्योगले उत्पादन गरेको प्राङ्गारिक मल प्रयोग गर्ने गरे पनि अधिकांशले रासायनिक मल प्रयोग गर्ने गरेका छन् । यसबाट माटोलाई आवश्यक पर्ने तत्व पूर्ति हुन नसक्दा उर्वरा शक्ति क्षीण बन्दै गएको अधिकृत महरा बताउनुहुन्छ ।

"अधिकांश किसानले रासायनिक मल प्रयोग गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "माटोको उर्वरा शक्तिमा बर्सेनि कमी आइरहेको छ ।" यसअघि जिल्ला कृषि विकास कार्यालय भएका बखत २०५७ सालमा दाङमा माटो परीक्षणका लागि मिनील्याब स्थापना भएको थियो । ल्याब स्थापनासँगै कार्यालयमा माटोविज्ञको दरबन्दी थियो । तर सङ्घीयता आएपछि कर्मचारी समायोजनका क्रममा माटोविज्ञको दरबन्दी कटौती गरेपछि कृषि ज्ञान केन्द्र माटोविज्ञविहीन छ । बर्सेनि हुने माटो परीक्षणमा समेत कमी आएको अधिकृत महराको भनाइ छ ।

"कृषि विकास समिति हुँदा माटो परीक्षणका लागि प्रत्येक वर्ष शिविर सञ्चालन हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले कोही किसानले कार्यालयमा माटो ल्याएर आएमात्रै परीक्षण हुन्छ । माटो परीक्षणका लागि गाउँमा शिविर सञ्चालन हुनसकेका छैनन् ।" उहाँका अनुसार कार्यालयमा माटोविज्ञको व्यवस्था हुँदा वार्षिक करिब १२ सयसम्मको माटो परीक्षण हुने गरे पनि पछिल्लो समय वार्षिकरूपमा एक सय ५० जनासम्म किसानले ल्याएको माटो परीक्षण हुने गरेको छ । जिल्लामा माटो परीक्षण गरेर कृषि व्यवसाय गर्नेभन्दा पनि कृषि व्यवसायमा समस्या देखिएपछि मात्रै परीक्षणका लागि आउने किसान बढी छन् । "माटो परीक्षण गरेर कृषि व्यवसाय गर्नुपर्छ भन्ने किसानमा ज्ञान छैन"– महराले भन्नुभयो ।

## अञ्जुको शोकमा डुबेको चाँदनीचोक

**टङ्कीसिनवारी ।** विराटनगर-५ स्थित चाँदनीचोक तीनकुनेमा रहेको क्याप्टेन अञ्जु खतिवडाको माइतीघर शोकमा डुबेको छ ।

काठमाडौंबाट १ माघमा पोखराका लागि उडेको यती एयरलाइन्सको विमान पोखरामा अवतरणका क्रममा दुघर्टनामा परेको थियो । चालक दलका चार सदस्यसहित सो विमानमा कुल ७२ सवार थिए । विमानकी को-पाइलट अञ्जुको पनि सोही दुघर्टनामा परेर निधन भएको थियो ।

को-पाइलट अञ्जुको विराटनगरस्थित माइतीघरमा ८९ वर्षीया हजुरआमा शुभद्रा खतिवडाको आँसु थामिएको छैन । बाबु गोविन्दराज खतिवडा र आमा इन्दिरा खतिवडा विमान दुघर्टनाग्रस्त भएको खबर सुन्नासाथ सोही दिन विराटनगरबाट काठमाडौं प्रस्थान गर्नुभएको थियो ।

विमान दुघर्टनामा परी नातिनीको निधन भएको खबरले हजुरआमा शुभद्रा विक्षिप्तझैं हुनुभएको छ । अञ्जुलाई सम्झेर हजुरआमा भक्कानिने गर्नुभएको छ । नातिनीको वियोगमा उहाँले खानपिउनसमेत छाड्नुभएको छ ।

छिमेकी र आफन्त को-पाइलट अञ्जुको माइतीघरमा पुगेर शुभद्रालाई सान्त्वना दिने काम गरिरहेका छन् । तर हजुरआमा बोल्ना साथै नातिनी सम्झेर भक्कानिने गर्नुभएको छ । हजुरआमाले नातिनीमा अदम्य साहस रहेको र जिम्मा लिएको काम पूरा गरेरै छाड्ने गरेको बताउनुभयो । उहाँले नातिनी अञ्जुसँग विमान दुघर्टनाको १५ दिनअघि भेट भएको बताउनुभयो । विमान 'हल्ट' गर्नुपर्दा विराटनगरमा छँदा को-पाइलट अञ्जु माइतीमै रात्रिविश्राम गर्ने गर्नुहुन्थ्यो ।

भेटमा हजुरआमाले नातिनी अञ्जुलाई माघे सङ्क्रान्तिमा ज्वाइँलाई लिएर माइती आउन निम्ता दिनुभएको थियो । तर निम्ता अधुरै रह्यो । अञ्जुलाई पुलाउ र तारेको आलु खुबै मनपर्ने भन्दै हजुरआमा शुभद्राले माइतीको पक्का घर पनि अञ्जु आफैंले ठड्याएको बताउनुभयो । छोरा गोविन्द जागिरमा र बुहारी इन्दिरा घरधन्दामा व्यस्त रहने हुँदा आफ्नै काखमा नातिनीलाई खेलाएर हुर्काएको र साथीको झैं सम्बन्ध रहेको हजुरआमा शुभद्राले बताउनुभयो ।

फूपू प्रमिला सुवेदीले गत साउन १७ गते हजुरबुवा वेदनाथ खतिवडाको वार्षिक श्राद्धको सम्पूर्ण काम भदैनी अञ्जुले आफ्नो जिम्मामा लिएर फत्ते गरेको बताउनुभयो । काका पुण्यप्रसाद खतिवडाले भतिजी अञ्जुमा कहींकतै खोट लगाउने ठाउँ नभएको बताउनुभयो । उहाँ पनि अञ्जुलाई आगोले कति पोल्यो होला भन्दै भक्कानिनुभयो । मिलनसार स्वभाव र अत्यन्तै बाठी अञ्जुले पहिलो श्रीमान्को विमान दुघर्टनामा नै निधन भएपछि शोकलाई शक्तिमा बदल्दै आफैं पनि विमान चालक बनेको काका पुण्यप्रसादले बताउनुभयो ।

दुघर्टनाको दिन पनि बिहान को-पाइलट अञ्जुले माइतीमा रहेका आफ्ना बाबुआमासँग टेलिफोनमा कुराकानी गरेको काका पुण्यप्रसादले बताउनुभयो । को-पाइलट अञ्जुको पहिलो श्रीमान् दिपक पोखरेलको पनि यति एयरलाइन्सको विमान दुघर्टनामा नै निधन भएको थियो । पोखरेलको निधनपछि अमेरीकाबाट विमान उडाउने तालिम लिएकी खतिवडा यती एयरलाइन्समा को-पाइटलको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

## ताइवानी महिलालाई सैन्य प्रशिक्षण

**ताइपेई ।** ताइवानले जगेडा सैनिकका रूपमा महिलालाई तैनाथ गर्न प्रशिक्षण दिने योजना घोषणा गरेको छ । पहिलो पटक महिलालाई सैन्य तालिमको व्यवस्था गरिएको र त्यो यसै वर्ष प्रारम्भ हुनेछ । चीनबाट हुनसक्ने जोखिमलाई दृष्टिगत गरी महिलालाई प्रशिक्षणको व्यवस्था गरिएको हो ।

रक्षा मन्त्रालयका अनुसार यसैवर्षको मध्यतिर करिब दुई सय महिलालाई ताइवानको सेनाले तालिम दिनेछ । बाह्य आक्रमाणको जोखिम बढेकाले आफ्नो सेनालाई बलियो बनाउने प्रयासमा महिलालाई पनि प्रशिक्षणको व्यवस्था गरिएको उक्त मन्त्रालयले जनाएको छ । इच्छुक महिलाले तालिमका निम्ति आवेदन गर्न सक्नेछन् । तालिमा सहभागी हुने महिलाको सङ्ख्याअनुसार प्रशिक्षण योजना र कार्यक्रम तर्जुमा गरिनेछ ।

हालै ताइवानले पुरुषलाई अनिवार्य सैन्य सेवा गर्नुपर्ने प्रावधान जारी गरेको छ । यद्यपि महिलाहरू पनि सशस्त्र बलमा स्वयम्सेकका रूपमा सेवा गर्न सक्ने व्यवस्था छ । ताइवानी पुरुषले अनिवार्य सैन्य सेवा गर्नुपर्ने चार महिनाको प्रावधानलाई बढाएर एक वर्ष पुऱ्याएको छ । अमेरिकी रक्षा मन्त्रालयको अनुमानअनुसार ताइवानसँग ८९ हजार स्थल सेना छन् भने चीनसँग १० लाख सैनिक छन् ।

गत महिना राष्ट्रपति साई इङ्ग वेनले अनिवार्य सैन्य सेवाको अवधि बढाइएको घोषणा गर्नुभएको थियो । प्रथम महिला राष्ट्रपति उहाँले गरेको उक्त घोषणाको स्वागत गर्दै केही महिला सांसदले नारीलाई पनि सैन्य तालिम अनिवार्य गर्नुपर्नेमा जोड दिएका थिए । भावी पुस्ताका निम्ति लोकतान्त्रिक जीवनशैली सुनिश्चित गर्न सैन्य सेवा विस्तार अपरिहार्य भएको राष्ट्रपतिले बताउनुभएको छ ।

## हेलिकप्टर दुर्घटनमा युक्रेनी गृहमन्त्रीसहित सोह्रको मृत्यु

**किएभ ।** राजधानी किएभको बाहिरी भेगस्थित शिशु पाठशाला नजिक बुधबार भएको हेलिकप्टर दुर्घटनमा परी युक्रेनका गृहमन्त्रीसहित १६ जनाको मृत्यु भएको छ । दुर्घटनामा दुई जना बालबालिका पनि मारिएका अधिकारीहरूले बताएका छन् ।

अनलाइनमा पोष्ट गरिएको एउटा भिडियोमा आगो लागेको देखिन्छ भने रुवाबासी भएको आवाज सुनिन्छ । दुर्घटनाका सम्बन्धमा तत्काल थप विवरण प्राप्त भएको छैन । राष्ट्रिय प्रहरी प्रमुख इगोर क्लेइमन्कोले अहिलेसम्म १६ जनाको ज्यान गएको जानकारी प्राप्त भएको बताउनुभएको छ । गृहमन्त्रालयका कैयौं उच्च अधिकारी, गृहमन्त्री डेनिस मोनास्ट्रास्के र उहाँका उपमन्त्रीको ज्यान गएको छ ।

बयालीस वर्षीय गृहमन्त्री मोनास्ट्रास्के दुई सन्तानका पिता हुनुहुन्छ । उहाँ दुई वर्षअघि गृहमन्त्री नियुक्त हुनुभएको थियो । दश जना बालबालिकासहित २२ जनालाई अस्पताल भर्ना गरिएको छ । दुर्घटनाका बेला शिशु पाठशालामा कर्मचारी र बालबालिका थिए । प्रहरी र चिकित्साकर्मी दुर्घटनास्थलमा उद्धार तथा उपचारमा सक्रिय छन् ।

सन् १९४९ को चिनियाँ गृहयुद्धमा ताइवान र चीन विभाजित भएका हुन् । पहाडी टापु ताइवानलाई चीनले आफ्नो भूमिका रूपमा दाबी गरिरहेको छ भने आवश्यक परे बल प्रयोग गरेर मूलभूमिमा एकीकरण गर्ने बताउँदै आएको छ । एक देश दुई शासन पद्धतिअनुरूप बेइजिङले ताइवानमाथि अप्रत्यक्ष रूपमा शासन गर्दै आएको छ । यद्यपि उसले ताइपेईलाई स्वयत्तता प्रदान गरेको छ ।

## श्रीलंकाको ऋणबारे चीन र अमेरिकाबीच विवाद

**कोलम्बो ।** अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) सँग श्रीलङ्काको वार्तामा एक अमेरिकी कूटनीतिज्ञले चीनलाई 'बिघ्नकर्ता' बताएपछि श्रीलङ्कास्थित चिनियाँ दूतावासले अमेरिकाको आलोचना गरेको छ ।

कोलम्बो गजेटका अनुसार चीनका लागि अमेरिकी राजदूत जुली चुङले बेलायतस्थित टेलिभिजन नेटवर्क बीबीसी न्यूजनाइटलाई दिएको अन्तर्वार्तामा बेइजिङप्रति लक्षित गर्दै श्रीलङ्काको ऋण पुनर्संरचना प्रक्रियालाई सहयोग गर्न चीनबाट ढिलाइ नहुनेमा अमेरिका आशावादी रहेको बताउनुभएको हो ।

चुङले दिएको बीबीसी न्यूजनाइटमा प्रसारण भएको सामग्रीबारे कोलम्बो ग्याजेटले भनेको छ, "खासगरी, हामी श्रीलङ्काका जनताका लागि आईएमएफसँगको सम्झौतामा ढिलो भइसकेको सन्दर्भमा अघि बढ्दा चीनले 'बिघ्न गर्ने' छैन ।"

श्रीलङ्कास्थित चिनियाँ दूतावासले मङ्गलबार एक प्रेस विज्ञप्ति जारी गर्दै चुङको टिप्पणीलाई 'आधारहीन आरोप र व्याख्या' भनेको छ । विज्ञप्तिमा श्रीलङ्काले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) सँग गरेको वार्तामा 'बिघ्नकर्ता' को भूमिका नगरेको आरोप चीनमाथि थोपरेको भन्दै अमेरिकी राजदूतको पनि आलोचना गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "उहाँको 'आधारहीन आरोप र व्याख्या' अघि, हाम्रो अमेरिकी सहकर्मीले प्रमुख नीतिगत निर्णयहरूमा भिटो शक्ति भएको आईएमएफको सबैभन्दा ठूलो शेयरधारक को हो?"

श्रीलङ्का र चीनबीचको कलहको विजारोपण गर्नुको साटो चीनले आफ्नो विज्ञप्तिमार्फत श्रीलङ्काका लागि थप सहज समाधानका लागि अमेरिकाले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) मा निर्णायक कदम नचाल्नुको कारण बारे प्रश्न गरेको छ ।


# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

- जन्म, मृत्यु, बसाइँसराइजस्ता व्यक्तिगत घटना स्थानीय सरकारमा दर्ता गरौं र त्यसबाट हुने फाइदा लिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं । साथै, बालश्रम र बालशोषणको अन्त्य गरौं । बालविवाहलाई निरूत्साहित गरौं, विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- समाजमा लैङ्गिक हिंसा हुन नदिऔं । हिंसामुक्त समाजको निर्माण हरेक नागरिकको कर्तव्य हो ।
- मदिरा र लागू पदार्थजन्य दुर्व्यसनबाट बचौं र बचाऔं ।
- खुला ठाउँमा दिसा-पिसाब नगरौं । आफ्नो गाउँ-टोलको सरसफाइमा ध्यान दिऔं । जथाभावी फोहरमैला नफालौं ।
- सार्वजनिक जग्गामा घर-टहरा निर्माण नगरौं । सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- वातावरण संरक्षण र स्वस्थ जीवनका लागि प्रत्येक घर-परिवारले आफ्नो घर वरपर कम्तिमा दुईवटा बिरूवा लगाऔं । वातावरणलाई हरियालीपूर्ण र स्वच्छ बनाउन योगदान गरौं ।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलालाई विशेष प्राथमिकता दिऔं । परिचयपत्र बनाउन उनीहरूलाई सहयोग गरौं । अधिकारको पूर्ण उपभोग गरौं/गराऔं ।
- स्थानीय सरकारले निर्धारण गरेको कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।



# नागार्जुन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि सीतापाइला, काठमाडौं, बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

- जन्म, मृत्यु, बसाइँसराइजस्ता व्यक्तिगत घटना स्थानीय सरकारमा दर्ता गरौं र त्यसबाट हुने फाइदा लिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं । साथै, बालश्रम र बालशोषणको अन्त्य गरौं । बालविवाहलाई निरूत्साहित गरौं, विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- समाजमा लैङ्गिक हिंसा हुन नदिऔं । हिंसामुक्त समाजको निर्माण हरेक नागरिकको कर्तव्य हो ।
- मदिरा र लागू पदार्थजन्य दुर्व्यसनबाट बचौं र बचाऔं ।
- खुला ठाउँमा दिसा-पिसाब नगरौं । आफ्नो गाउँ-टोलको सरसफाइमा ध्यान दिऔं । जथाभावी फोहरमैला नफालौं ।
- सार्वजनिक जग्गामा घर-टहरा निर्माण नगरौं । सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- वातावरण संरक्षण र स्वस्थ जीवनका लागि प्रत्येक घर-परिवारले आफ्नो घर वरपर कम्तिमा दुईवटा बिरूवा लगाऔं । वातावरणलाई हरियालीपूर्ण र स्वच्छ बनाउन योगदान गरौं ।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलालाई विशेष प्राथमिकता दिऔं । परिचयपत्र बनाउन उनीहरूलाई सहयोग गरौं । अधिकारको पूर्ण उपभोग गरौं/गराऔं ।
- स्थानीय सरकारले निर्धारण गरेको कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।

## रविको धम्की...

अभिव्यक्ति स्वतन्त्रतामाथिको गम्भीर प्रहार भएको भन्दै महासंघले चिन्ता प्रकट गरेको छ। 'संसदको चौथो ठूलो दलका सभापति तथा उपप्रधान एवम् गृहमन्त्री समेत रहिसकेको व्यक्तिले सञ्चार क्षेत्रप्रति संयम गुमाएर अभिव्यक्ति दिनु समग्र सञ्चारक्षेत्रमाथिको प्रहार हो,' महासंघका महासचिव रोशन पुरीद्वारा जारी विज्ञप्तिमा लेखिएको छ- 'सञ्चार प्रतिष्ठान र सञ्चारकर्मीको नामै लिएर सार्वजनिकरूपमा धम्की दिइनुले नेपालका सञ्चार प्रतिष्ठान र सञ्चारकर्मी असुरक्षित हुन सक्ने तथ्यप्रति महासंघ चिन्ता प्रकट गर्दछ।'

लामिछानेको अभिव्यक्तिले कुनै अप्रिय घटना घटेमा त्यसको जिम्मेवारी स्वयम् लमिछाने र राष्ट्रिय स्वतन्त्र पार्टीले लिनुपर्ने महासंघको भनाइ छ। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र नागरिक अधिकारका पक्षमा निरन्तर संघर्ष गरेको नेपाली प्रेस कुनै पनि दल वा व्यक्तिको धम्कीबाट विचलित नहुने बताउँदै सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित सामग्रीप्रति चित्त नबुझे प्रचलित विधि र पद्धतिअनुसार अघि बढ्न सकिने प्रावधान हुँदाहुँदै धम्कीपूर्ण शैलीमा प्रस्तुत हुनु आपत्तिजनक र अशोभनीय कार्य भएको ठहर महासंघले गरेको छ।

## नेपाली जनयुद्ध...

को दिउँसो अबेर, साँझ र राति गरी एकै दिन काभ्रेको मेच्छे, सिन्धुलीको सिन्धुलीगढी, रोल्पाको होलेरी, रुकुमको आठबिसकोट र गोरखाको च्याङ्लीमा साङ्केतिक प्रतिरोध गर्दै माओवादी पार्टीले महान् नेपाली जनयुद्धको शङ्खघोष (उद्घाटन) गरेको थियो। जनवादी गणतन्त्र नेपालका स्थापनाकै निम्ति समर्पित भएर नेपाल आमाका हजारौं सपूतहरूले आफूलाई वलिदान गरे; हजारौं योद्धाहरू जनयुद्धकै सिलसिलामा राज्य पक्षद्वारा बेपत्ता पारिए र हजारौं योद्धाहरू घाइते-अपाङ्ग बने।

माओवादी पार्टीले अघि सारेको सोही योजना, लक्ष्य र उद्देश्यमा विश्वास गर्दै र भर पर्दै लाखौंलाख नेपाली नागरिकहरूले प्रत्यक्ष-परोक्षरूपमा जनयुद्धलाई सघाए। जनस्तरको निकै ठूलो पङ्क्तिले आर्थिक, भौतिक, नैतिक सहयोग गऱ्यो। जनयुद्धकारी शक्तिलाई दबाउने नाममा राज्यले हजारौं नागरिकलाई अनेकौं किसिमले दुःख दियो; सतायो र कयौं स्थानमा त लुटपाट र आगजनी समेत गऱ्यो। तत्कालीन राज्यका तर्फबाट कतिपय निर्दोष र असम्बन्धित नागरिकमाथि समेत कुटपिट, जेलनेल, अङ्गभङ्ग, बलात्कार र हत्यासम्मका ज्यादति पनि गरियो।

राज्य र माओवादी क्रान्तिकारी शक्तिहरूबीचको सशस्त्र लडाइँ दस वर्ष पूरा भएर दिनप्रतिदिन उत्कर्षता हासिल गरिरहेकै बेला २०६२ मा सात संसद्वादी दलहरू र माओवादी पार्टीबीच बाह्रबुँदे समझदारी भयो। त्यसपछि वृहत् शान्ति सम्झौता भयो र जनयुद्ध 'अन्त्य' को घोषणा समेत गरियो। नेपाली जनयुद्धले आफ्नो मुख्य लक्ष्य हासिल गर्न बाँकी नै रहे तापनि मूलतः जनयुद्ध र त्यसैको जगमा सिर्जना भएको २०६२/०६३ को ऐतिहासिक दोस्रो जनआन्दोलन समेतको योगफलस्वरूप नेपालमा गणतन्त्रको स्थापना भयो। संविधानसभाको चुनाव भयो, जननिर्वाचित प्रतिनिधिहरूद्वारा संविधान लेखेर घोषणा गरियो। सङ्घीयता, धर्मनिरपेक्षता, वर्ग-लिङ्ग-क्षेत्र-जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था आदि उपलब्धि 'नयाँ' संविधानमार्फत संस्थागत गरिए।

जनयुद्धबाट हासिल भएका उपलब्धिहरूलाई संरक्षित एवम् संस्थागत गर्दै र हासिल हुन बाँकी राजनीतिक लक्ष्य-उद्देश्य प्राप्तिका निम्ति नेपाली कम्युनिस्ट शक्तिहरू अहिले पनि सङ्घर्षरत र क्रियाशील छन्। यतिबेला नेपाली प्रगतिशील एवम् देशभक्त र क्रान्तिकारी शक्तिहरू र नेपाली जनता महान् जनयुद्धको २८औं वार्षिकोत्सव मनाइरहेका छन्।

## पोखरा विमान दुर्घटनाको प्रारम्भिक प्रतिवेदन सार्वजनिक

**काठमाडौं।** माघ १ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा दुर्घटनामा परेको यति एयरको प्रारम्भिक रिपोर्ट आएको छ। रिपोर्टअनुसार जहाज अवतरण गर्ने क्रममा जहाजका बेस लेगमा दुवै इन्जिनका प्रोपेलरहरू फेदरमा गएको पाइएको छ।

दुर्घटना जाँच आयोगले फ्लाइट डाटा रेकर्डर (एफडीआर) र ककपिट भ्वाइस रेकर्डर (सीभीआर) को विश्लेषण र अनुसन्धानबाट दुर्घटनाग्रस्त जहाज अवतरण गर्ने क्रममा बेस लेगमा दुवै इन्जिनका प्रोपेलरहरू फेदरमा गएको देखिएको जनाएको छ। अतः उक्त जहाजका दुवै इन्जिन प्रोपेलर फेदरमा किन गए भन्नेबारे प्राविधिक र मानवीय पक्षहरूको थप अनुसन्धान अगाडि बढाइसकेको आयोगले जनाएको छ।

दुर्घटना जाँच आयोगले सिंगापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्युरोमा फ्लाइट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर दुवैको डाटा विश्लेषण र अनुसन्धान गर्न आयोगका संयोजक, हवाइविज्ञ र सदस्य सचिवहरूलाई पठाएको थियो। उक्त फ्लाइट डाटा रेकर्डर र भ्वाइस डाटा रेकर्डरका डाटाहरूको विश्लेषण गर्न आयोगको नेतृत्वमा टीएसआईबी सिंगापुर, बीईए फ्रान्स, टीएसबी क्यानडा, पी एण्ड डब्ल्यू क्यानडा/ईएएसएका प्रतिनिधिहरू समेतको सहभागितामा विभिन्न प्राविधिक तथा मानवीय पक्षको विश्लेषण गरिएको थियो। उल्लेखित सबै पदाधिकारीहरूबाट सिंगापुरस्थित एटीआर जहाजको सिमुलेटरमा विभिन्न फ्लाइट र प्राविधिक पक्षहरूको थप अध्ययन पनि गरिएको थियो।

## पर्साको ओरिया खोलामा भेटिए दुई सीमास्तम्भ

**पोखरिया।** नेपाल-भारत सीमाबाट हराएका भनिएका दुई सीमास्तम्भ पर्साको जगरनाथपुर गाउँपालिकास्थित ओरिया खोलामा भेटिएको छ। जगरनाथपुर गाउँपालिका-१ पिपरडारीस्थित ओरिया खोलाबाट हराइरहेका सीमास्तम्भ भेटिएपछि आजै जिल्ला सुरक्षा समितिको बैठक बोलाइएको छ।

जिल्ला सुरक्षा समिति पर्साले ओरिया खोला क्षेत्रमा नदीजन्य पदार्थ ( बालुवा) उत्खनन नगर्न भारतीय पक्षसँग आग्रह पनि गरिसकेको छ। ओरिया खोलामा भारतीय पक्षले ठेक्का लगाएर दिनहुँजसो बालुवा उत्खनन गर्दै आएको छ।

खोलामा बालुवा उत्खननका क्रममा पुरिएको अवस्थामा सीमास्तम्भ भेटिएपछि ओरिया खोलाको विवाद फेरि बाहिर आएको हो। खोलामा सीमास्तम्भ भेटिएपछि भूमि भारतकै हो कि नेपालतर्फको भन्ने बारे यकीन नभएकाले सुरक्षा निकायको माथिल्लो तहमा कुरा राख्नुपर्ने भएका कारण उत्खननमा रोक लगाइएको सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलियाले जनाउनुभयो।

चार दिनअघि मात्रै ओरिया खोलामा ४२२ नम्बरको मुख्य सीमास्तम्भ भेटिएको थियो भने हाल ४२२/१ नम्बरको सहायक सीमास्तम्भ खोलामै भेटिएको थपालियाले बताउनुभएको छ। जगरनाथपुर गाउँपालिका-१ पिपडारी हुँदै भारततर्फ जाने ओरिया खोलामा धमाधम सीमास्तम्भ भेटिन थालेपछि प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको नेतृत्वमा जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकायका प्रमुख तथा स्थानीय पालिकाका प्रमुखले स्थलगत अवलोकन गरेका थिए। त्यसलगत्तै पहिलेदेखि नै विवादित बन्दै आएको ओरिया खोलामै हराएका सीमास्तम्भ भेटिएपछि त्यसबारे आवश्यक छलफल गर्ने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिनुभयो।

जगरनाथपुर गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले दशगजा क्षेत्रमा रहेको ओरिया खोलामा सीमास्तम्भ भेटिएपछि अब सम्बन्धित निकायले आवश्यक कदम चाल्नुपर्नेमा जोड दिँदै वर्षौंदेखि भारतीयतर्फको ठेकेदार पक्षले ओरिया खोलामा दैनिकरूपमा उत्खनन गर्दै आएको बताउनुभयो।

यादव भन्नुहुन्छ, "ओरिया खोलाबाट भारतीय पक्षका ठेकेदार आफ्नो मनोमानी ढङ्गले गिटी, बालुवा उत्खनन गरेर सयौं ट्र्याक्टरमा रातिसम्म लैजाने गरेका छन्। दशगजा क्षेत्रका मानिस आफूहरू असुरक्षित महसुस गर्ने गरेको र रोक्न खोज्ने क्रममा पटकपटक विवाद हुने गरेको बताउनुभयो।

नेपालतर्फका सुरक्षा अधिकारीको टोली ओरिया खोला पुगेर भारतीय सीमा सुरक्षा बल एसएसबीको टोलीलाई उत्खनन रोक्न आग्रह गरेको र उनीहरूले माथिल्लो निकायमा कुरा राख्ने प्रतिक्रिया दिएको सुरक्षा समितिले जनाएको छ। ओरिया खोला र आसपासका क्षेत्रमा मुख्य र सहायक गरी १६ वटा सीमास्तम्भ हराएका थिए।

## विदेशमा रहेका नेपालीले भोग्नुपरेका कानुनी समस्या समाधान गर्छु : प्रधानमन्त्री

**काठमाडौं।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विदेशमा रहेका लाखौं नेपालीको मन जित्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, "विदेशमा लाखौं नेपाली छन्, मैले मेरो दोस्रो कार्यकालसम्म गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले उठाएका मागहरू सम्बोधनका लागि प्रयास गरेँ र अब मेरो तेस्रो कार्यकाल विदेशमा बस्ने बहुसङ्ख्यक नेपालीको मन जित्छु।"

प्रधानमन्त्री निवास बालुवाटारमा आज गैरआवासीय सङ्घका प्रतिनिधिसँगको छलफलमा प्रधानमन्त्रीले भन्नुभयो, "नेपालका कतिपय परम्परागत ऐन कानून छन्, जसले म नेपालका लागि केही गर्छु भन्नेलाई पनि बाधा व्यवधान खडा गरेको छ, तपाईंलाई विश्वस्त पार्न चाहन्छु कि म त्यस्ता खालका पर्खाललाई भत्काउनेछु।"

भेटमा प्रधानमन्त्री दाहालले नेपालमा विद्यमान कतिपय कानूनी प्रावधानले सिर्जना गरेका अप्ठ्यारालाई नेपाल सरकारले क्रमशः सच्याउँदै आएको र अबका दिनमा पनि कानूनी उल्झनलाई पन्छाउने प्रयास आफ्नो तर्फबाट जारी रहने बताउनुभयो।

विदेशमा रहेका नेपालीले नेपाल र नेपालीको पहिचान विश्वमाझ पुऱ्याउन ठूलो भूमिका निर्वाह गरेको भन्दै गैरआवासीय नेपालीप्रति प्रधानमन्त्री दाहालले आभार व्यक्त गर्नुभयो। राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिकरूपमा विश्वभर नेपाललाई चिनाउन नेपालीहरू थप संवेदनशील र जिम्मेवार बन्दै गएकोप्रति प्रधानमन्त्री दाहालले खुसी व्यक्त गर्नुभयो।

भेटका क्रममा प्रधानमन्त्री दाहाललाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै सङ्घका तर्फबाट ज्ञापनपत्र हस्तान्तरण गरिएको थियो।

सो अवसरमा गैरआवासीय नेपाली सङ्घका कार्यकारी अध्यक्ष रबिना थापाले हालसम्म सङ्घले गरिआएको काम, नेपाल सरकारका तर्फबाट सम्बोधन भइआएका विषय र आगामी दिनमा सरकारले गर्नुपर्ने नीतिगत र कानूनी सुधार सम्बन्धमा सङ्घका तर्फबाट धारणा राख्नुभएको थियो।

सङ्घका अध्यक्ष बद्री केसीले नेपाल सरकारसहितको लगानी रहेको रु १० अर्बको लगानी कोष 'एनआरएन नेपाल डेभलप्मेन्ट फन्ड'लाई अघि बढाउन देखापरेका कानूनी र व्यावहारिक कठिनाइबारे जानकारी गराउँदै ती कठिनाइलाई तत्काल सम्बोधन गर्न आग्रह गर्नुभयो।

विदेशमा रहेका बहुसङ्ख्यक नेपालीलाई सामाजिक सुरक्षा कोषमा जोड्नुपर्ने, विदेशमा कामका सिलसिलामा अङ्गभङ्ग भएका नेपालीलाई स्वदेश फिर्ता गर्नाका साथै उनीहरूका परिवारलाई आर्थिक सहायतासहित पुनः एकीकरणलगायतका विषयमा नेपाल सरकारले पहल कदमी लिनुपर्ने लगायतका माग अध्यक्ष केसीले सङ्घका तर्फबाट राख्नुभएको थियो।

सङ्घका अध्यक्ष कुल आचार्यले सङ्घले उठाएको गैरआवासीय नेपाली नागरिकताको मुद्दालाई तत्काल सम्बोधन गर्न अनुरोध गर्नुभयो। 'एक पटकको नेपाली सदैव नेपाली' हुने भन्दै अध्यक्ष आचार्यले विविध कारणले अन्योलमा परेको नागरिकताको विषयलाई यथाशक्य छिटो टुङ्गो लगाउन सङ्घका तर्फबाट आग्रह गर्नुभयो।

भेटका अवसरमा पूर्वअध्यक्ष, भवन भट्ट, सङ्घका संस्थापक अन्तर्राष्ट्रिय संयोजक भीम उदास, सङ्घका उपाध्यक्ष आरके शर्मा, सचिव खगेन्द्र न्यौपाने, महिला सचिव राधिका गुरुङ, सहकोषाध्यक्ष नारायण सुवेदी, युवा संयोजक अब्दुल वसिद, सङ्घका पूर्वसल्लाहकार टिबी कार्की, क्षेत्रीय उपसंयोजक, (मध्यपूर्व) अमित चाम्लिङ राई, एनसिसी रसियाका अध्यक्ष शिवमणि भुर्तेल, आजीवन सदस्य (युएसए) नारायण थापालगायतको उपस्थिति रहेको थियो।

## पानी र हिउँ नपर्दा म्याग्दी र मुस्ताङका किसान चिन्तित

**गलेश्वर।** यस वर्ष समयमै हिउँ र पानी नपर्दा हिमाली जिल्ला म्याग्दी र मुस्ताङका किसान चिन्तित भएका छन्। विगतका वर्षमा मङ्सिर तेस्रो सातादेखि हिउँ पर्ने म्याग्दीका उच्च पहाडी क्षेत्र तथा मुस्ताङमा यस वर्ष माघ लागिसक्दा पनि हिउँ नपरेपछि बालीनाली सुक्न थालेका छन् भने हिमालहरू कालोपत्थरमा परिणत हुँदै गएका छन्।

हिउँदमा पानी नपरेपछि हिउँदे खेती सिँचाइको अभावमा खेत, बारीमा नै सुक्दै गएको म्याग्दीका अगुवा किसान चन्द्रवहादुर कार्कीले बताउनुभयो। पहिला यो समयमा मुस्ताङका खेतबारी र डाँडापाखा हिउँले ढाकिन्थे। तर यस वर्ष हिउँ नपर्दा डाँडापाखा उराठलाग्दा र खेतबारी सुक्खा भएको मुस्ताङको मार्फाका कृषक शोभा गुरुङले जानकारी दिनुभयो।

म्याग्दी जिल्लाको माथिल्लो क्षेत्रमा गत वर्ष पुस नलाग्दै हिउँ परेको थियो। यस वर्ष माघमा समेत हिउँ नपर्दा आलु, उवा, गहुँ जस्ता बाली बारीमै सुक्न थालेको किसानहरू बताउँछन्। समयमा हिउँ र पानी नपरे पनि यो वर्ष गत वर्षभन्दा धेरै चिसो महसुस भएको उच्च लेकाली क्षेत्रका बासिन्दा बताउँछन्। हिउँ पर्ने समयमा हिउँ नपरेको र जलवायुको तापक्रमसमेत बढ्दै गएकाले यहाँका बासिन्दा चिन्तित छन्। वनजङ्गलको तीव्र फँडानी, विभिन्न हानिकारक ग्यासको उत्सर्जनलगायत कारण जलवायुमा परेको असरले वातावरणमा यस्तो परिवर्तन देखापरेको वातावरणविद् चन्द्रमणि सापकोटाले बताउनुभयो।

**सार्वजनिक सम्पतिको संरक्षण गरौं !**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार-सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानि-नोक्सानी कानुनी रूपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानि-नोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं